सुनापति गाउँकार्यपालिकाको बैठक संख्या ८
आ.व २०८१/०८२
मिति: २०८१ माघ १५ गते मंगलबार
समय: बिहान ८:०० बजे
स्थान: सुनापति गाउँपालिका

आज मिति २०८१ माघ १५ गते मंगलवार दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलो कान्छा तामाङज्यूको अध्यक्षतामा यस सुनापति गाउँकार्यपालिकाको बैठक वसी तपसिल वमोजिमको निर्णय गरियो ।

उपस्थिति:

| | |
|---|---|
| १. श्री ठुलो कान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाईं | सदस्य |
| ४. श्री पदम वहादुर थापा | सदस्य |
| ५. श्री कुल बहादुर थिङ | सदस्य |
| ६. श्री डन्डुप लामा | सदस्य |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य |
| ८. श्री रीता कामि धमला | सदस्य |
| ९, श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

अन्य उपस्थिति:

१५ श्री श्रीराम ढुंगाना-(अध्यक्षज्यूको सचिवालय)

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८१/०८२ को आठौं कार्यपालिका बैठक

माघ १५, २०८१

ने.स. ११४५ पोहेलागा १४ मंगलबार

| क्र.सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | विगतको कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | अघिल्ला गाउँकार्यपालिकाको बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थावारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी र समय सापेक्ष बनाउने निर्णय गरियो। |
| २ | सोनाम ल्होसार विदा सम्बन्धमा। | यस सम्वन्धमा विस्तृत छलफल गर्दा यस सुनापति गाउँकार्यपालिकाको कार्यालयले विगत वर्षहरुमा तामाङ्ग समुदायको नयाँ वर्ष सोनाम ल्होसारको अवसरमा ३ (तीन) दिन स्थानीय विदा दिने गरिएकोमा २०८१ सालको सोनमा ल्होसार यहि मितिः २०८१ साल माघ १७ गते परेको, १६ गते राष्ट्रिय शहिद दिवसको अवसरमा राष्ट्रिय विदा परेको र १७ गते सोनाम ल्होसारकै अवसरमा नेपाल सरकारले नै सार्वजनिक विदा दिने गरेकोमा मितिः २०८१ माघ १८ गते शुक्रबार गाउँपालिकाको स्थानीय विदाको रुपमा सुनापति गाउँपालिकाका सवै सरकारी कार्यालय, विद्यालय र स्वास्थ्य केन्द्रहरुमा स्थानीय विदा दिने र सोही दिन उल्लिखित निकायहरुको सेवा प्रवाहको कार्य वन्द गर्ने निर्णय गरियो। |
| ३ | योजना अनुगमन सम्वन्धमा। | यस सम्वन्धमा विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम अनुसार स्वीकृत वजेट र कार्यक्रममा वजेट विनियोजन भई कार्यान्वयनमा रहेका योजनाहरुको वडा स्तरीय अनुगमन समिति, पालिका स्तरीय अनुगमन समितिहरुले सम्वन्धित वडा प्राविधिक र इन्जिनियरको रोहवरमा अनुगमन तथा प्रतिवेदन गरी कार्य सम्पन्न भएका योजनाहरुको अन्तिम भुक्तानीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो। |
| ४ | योजनाको भुक्तानी सम्वन्धमा । | यस सम्वन्धमा विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत वजेट तथा कार्यक्रममा स्वीकृत योजनाहरुको सम्झौता भई कार्यान्वयनमा रहेका र अनुगमनको क्रममा कार्यसम्पन्न भएका योजनाहरुको भुक्तानी कार्यपालिकाको निर्णय वमोजिम क्रमशः भुक्तानी गर्ने निर्णय गरियो। |
| ५ | सेवा परामर्शवाट काम गर्ने सम्वन्धमा । | यस सम्वन्धमा छलफल गर्दा तपशिलका नीतिगत कार्यहरु लिजा (LISA) र एफ. आर. ए. (FRA) को लागि आवश्यक परेकोले सो नीतिगत कार्यहरु सेवा परामर्शको माध्यमवाट चालू आर्थिक वर्षमा तपशिल वमोजिमको वजेट सीमा भित्र रही गर्ने निर्णय गरियो।<br>तपसिल: |